"शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, प्रविधी र रोजगार !
समतामूलक, सुशाषित समृद्ध अर्नमाको मूल आधार !!"

# आवधिक विकास योजना

(आ.व. २०७६/०७७–२०८०/०८१)

# अन्तिम प्रतिवेदन

*तयार गर्ने:*

Consultancy for Change

**Centre for Sustainable Development Studies Pvt. Ltd.**
**Lalitpur**

*स्विकृत गर्ने:*

## अर्नमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं. २, सिरहा नेपाल

| | |
|---|---|
| **दस्तावेज** | **अर्नमा गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०७५/०७६ - २०८०/०८१)** |
| **प्रकाशक** | **अर्नमा गाउँ कार्यपालिकाको कार्यालय, सिरहा** |
| **सर्वाधिकार** | **प्रकाशकमा** |
| **प्राविधिक सहयोग** | **Centre for Sustainable Development Studies Pvt. Ltd.** Lalitpur |
| **ीमति** | **२०७६ बैशाख** |
| **वेभसाइट** | http://www.anarmamun.gov.np |

# अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्नमा सिरहा
## प्रदेश नं २, नेपाल

**प्रकाशकीय**

नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलव्धिहरु संस्थागत भएका छन् । संघीय संरचना अर्न्तगत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह-अस्थित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनवाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ । यसै मर्मलाई मध्य नजर गर्दै, स्थानीय तह संचालन सम्बन्धी संघीय कानून ( स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसै प्रावधान तथा गाउँपालिकाको समग्र नतिजामूखि विकासका लागि आवश्यकता महसुस गरी अर्नमा गाउँपालिकाको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरिएको छ । यसवाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगाएत समग्र गापाको उत्थान तथा रुपान्तरणमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु । यो योजनाले अर्नमा गापालाई आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छु । यसका साथै अर्नमाको विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदारहरु तथा सरोकारवालाका लागि समेत यो आवधिक योजना महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछ ।

यस आवधिक योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुरका प्रविधिक टोलीको योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।।।

..........................
ठकु महतो कोइरी
अध्यक्ष

# अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्नमा सिरहा
## प्रदेश नं २, नेपाल

## मन्तव्य

नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएर स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात अर्नमा गापाको पहिलो आवधिक योजना तर्जुमा गरिएकोछ । यस गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरिएकोछ । गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, क्षेत्रगत रणनीतिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि वनाई अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास योजना तुर्जमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार आवधिक गाउँ विकास योजना तर्जुमा गरिएको हो । यस योजनाले गापाको दिर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गापालाई कस्तो अवस्थामा पुर्‍याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ । गापाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको बार्षिक योजना तर्जुमामा योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

गाउँपालिकाको समग्र नेतृत्व तर्जुमा गरिएको यो योजनामा विकास प्रकृयामा सबै विषयक्षेत्र समेटेर तयार गरिएको एकिकृत स्वरुपको योजना हो । गाउँ विकासका लागि सहकार्य गर्ने गैसस तथा विकास साझेदारका लगायत सम्पुर्ण सरोकारवालाको लागि र गापाको समग्र उत्थानको लागि महत्वपुर्ण दस्तावेज हुने विश्वास लिइएको छ ।

योजना तर्जुमामा सहयोग तथा सहकार्य गर्ने सम्पुर्ण पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुर र यसका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

.................
सीयावती मुखिया
उपाध्यक्ष

# अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्नमा सिरहा
## प्रदेश नं २, नेपाल

## दुइ शव्द

स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ ।

२०७२ सालमा नेपालको संविधान घोषणा, नेपाल संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई पुनसंरचना अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात अर्नमा गापाको पहिलो आवधिक योजना (२०७५/०७६-२०७९/८०)तर्जुमा गरिएको हो । यस योजनाले गापाको दिर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गापालाई कस्तो अवस्थामा पुर्‍याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ । गापाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको बार्षिक योजना तर्जुमामा योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ । यस योजनाले आगामी ५ वर्षमा यस गाउँपालिकालाई SMART Rural Municipality उन्मुख तथा आधारभूत आवश्यकता पुरा भएको Basic Rural Municipality बनाउन सहयोग गर्ने छ भन्ने विश्वास लिएको छु ।

गाउँपालिकाको समग्र नेतृत्व, विषयगत कार्यलय तथा गाउँ विकासका सरोकारवालाको सहयोग तथा सहकार्यमा यस गापाको पाँच वर्षको आवधिक योजना तयार गरिएको छ । योजनाले गापा क्षेत्रको सेवा प्रवाह, नीति निर्माण, आन्तरिक आय वृद्धि तथा विकास प्रकृयालाई निश्चित गन्तव्यमा पुर्‍याउने विश्वास लिएको छु । यसका अतिरिक्त, गाउँ विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि यो योजना र सहयोगी हुनुका साथै गाउँपालिकाको विकास र सम्मृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु ।

आवधिक योजना तर्जुमा सहयोग र परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुरका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

......................
रामकिशोर महतो
प्रमुख पशासकीय अधिकृत

## शब्दावली

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन मूल्याँकन |
| अ/गैसस | : | अर्न्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभुत विद्यालय |
| आगावियो | : | आवधिक गाउँ विकास योजना |
| उस | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| क्वि. | : | क्विन्टल |
| गापा | : | गाउँपालिका |
| गाकापा | : | गाउँकार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| वडा नं. | : | वडा नम्वर |
| ससं | : | सहकारी संस्था |
| सास | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| DRR | : | Disaster Risk Reduction |
| गा.पा. | : | गाउँपालिका |
| आ.व. | : | आर्थिक बर्ष |

# विषयवस्तु

## परिच्छेद १: परिचय


१.१ पृष्ठभूमि.....१

१.२ कानूनी तथा नीतिप्रावधान्.....१

१.३ आवधिक योजना तर्जुमाको उद्देश्य.....२

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया.....२

१.४.१ पूर्व तयारी चरण.....२

१.४.१.१ गापा तथा सरोकारवाला संग बैठक तथा सहमति.....२

४.१.१.२. आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृति.....३

१.४.२ विश्लेषण चरण.....३

१.४.२.१ सर्वेक्षण, तथ्यां संकलन तथा विश्लेषण.....३

१.४.३ योजना तर्जुमा चरण.....३

१.४.३.१ परिचयात्मक कार्यशाला तथा अभिमुखिकरण.....३

१.४.३.२ वडा स्तरीय तथा विषयगत परामर्श.....३

१.४.३.३ योजना तर्जुमा कार्यशाला.....३

१.४.३.४ मस्यौदा योजना दस्तावेज तयारी.....३

१.४.३.५ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी.....३

१.५ योजनाको विषयगत क्षेत्रहरू.....४

१.६ आवधिक योजनाको दस्तावेज.....४

१.७ आवधिक गाउूविकास योजना तर्जुमाको सिमा.....४


## परिच्छेद २ : वस्तुस्थिति विश्लेषण


२.१. गाउापालिकाको संक्षिप्त परिचय.....५

२.२. विकासका लागि विगतका प्रयास र उपलब्धी.....६

२.३ वस्तुस्थिति विश्लेषण.....६

२.३.१ आर्थिक विकास :.....६

२.३.२ सामाजिक विकास.....८

२.३.३ पूर्वाधार विकास.....१०

२.३.४ वन, वातावरण तथा विपद्.....१२

२.१.५ सुशासन तथा संस्थागत विकास.....१४


## परिच्छेद ३ : योजनाको अवधारणा र प्रारूप


३.१ दीर्घकालीन सोच.....१८

३.२ लक्ष्य तथा उद्धेश्य.....१८

३.३ प्राथमिकता तथा रणनीतिहरू.....१८

३.४ नतिजा तालिका.....१८

३.६ नीति तथा कार्यनीतिहरू.....३०


## परिच्छेद ४ : कार्यान्वयन योजना


४.२ स्रोत अनुमान तथा प्रक्षेपण.....३८

४.३ प्रमुख आयोजना तथा कार्यक्रम.....३८

४.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट.....४९

४.४ श्रोत परिचालन रणनीति.....५०

४.५ आवधिक योजना कार्यान्वयन....५०
४.६ अनुगमन तथा मूल्याËकन....५०

**अनुसूचीहरू**

अनुसूचि १ः आवधिक योजनाको कार्यशाला तालिका....५२
अनुसूचि २ः आगावियो तर्जुमाका तस्विरहरू....५३
अनुसूचि ३ः आगावियो तर्जुमाका सहभागिहरू (उपस्थिति)....५४

# परिच्छेद १: परिचय

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको कार्यक्षेत्र र दिएको काम, कर्तव्य, र अधिारलाई योजनाबद्ध बनाई कार्यान्वयन गर्न अर्नमा गाउँपालिकाले अर्नमाको आवधिक विकास योजना ( २०७६/०७७-२०८०/८१) तयार गरेको छ । उक्त योजनाको यस परिच्छेदमा योजना तर्जुमाको पृष्ठभूमि तथा औचित्य, यसको उद्देश्य, योजना तर्जुमा चरणहरु आदि प्रस्तुत गरिएको छ ।

## १.१ पृष्ठभूमि

स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरि गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएकोछ । यसका अतिरिक्त योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ ।

नेपाल संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई पुनसंरचना अनुसार स्थानीय तह लागु भएको र स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात अर्नमा गापाको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा भएकोहो । स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि वनाई अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार आवधिक गाउँ विकास योजना तर्जुमा कार्यविधि निर्माण गरी सोही अनुसार यो योजना तर्जुमा गरिएको छ । यस योजनाले गापाको दिर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गापालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत तर्जुमा गरेकोछ । गापाको नतिजामुखी तथा समग्र विकासमा यो योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास लिईएको छ ।

## १.२ कानूनी तथा नीतिप्रावधान्

स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसका साथै, गापा क्षेत्र भित्र हुने सम्पूर्ण विकासका गतिविधिको समन्वय, नियमन र नेतृत्व समेत स्थानीय तहको अधिकार तथा कर्तव्य रहेको देखिन्छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,

- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने,
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धि सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.३ आवधिक  योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टिगत विकासका लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी सो प्राप्तीका लागि उपयुक्त नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित गरी गन्तव्य तर्फ र सवै सरोकारवालालाई डोहोऱ्याउनु यस आवधिक योजनाको मुख्य लक्ष्य हो । यसका साथै योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् :

- गाउँको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँ विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा गाउँ विकासको खाका तयार गर्ने ।
- गाउँ विकासको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- गाउँ विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- गाउँ विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

गाउँपालिकाको आवधिक योजना देहायको प्रकृया तथा चरणअनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ पूर्व तयारी चरण

#### १.४.१.१ गापा तथा सरोकारवाला संग बैठक तथा सहमति

गाउँ कार्यपालिका तथा मुख्य सरोकारवालासँग एकिकृत स्वरुपको आवधिक योजनाको महत्व, प्रकृया, कार्य जिम्मेवारी र समयावधिवारे छलफल  तथा सहमति गरिएको छ । बैठक र सहमति पश्चात सोही कार्ययोजनाको आधारमा योजना तर्जुमा गरिएको छ ।

### ४.१.१.२. आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृति

स्थानीय सरकार संचालन ऐनको दफा २४ को व्यवस्था अनुसार कार्यपालिकाबाट वृहत स्वरुपको आवधिक योजना तर्जुमा कार्यविधि, २०७५ स्वीकृत गरी सोही आवधिक योजना तयार गरिएको छ ।

### १.४.२ विश्लेषण चरण

### १.४.२.१ सर्वेक्षण, तथ्याङ्क संकलन तथा विश्लेषण

यस प्रकृयामा योजनाका लागि आवश्यक सुचना तथा जानकारी एवं दस्तावेजहरु अध्ययन तथा विश्लेषण गरिएको छ । गापाको बस्तुगत विवरण अध्ययन तथा विश्लेषण, योजना तथा बजेट सम्वन्धी गापा तथा सम्वन्धित निकायहरुका दस्तावेज अध्ययन तथा विष्लेषण गरी योजना तर्जुमा गरीएकोछ । गापामा प्राप्तहुने विभिन्न सम्भावित श्रोत तथा सहयोग समेत यस क्रममा विश्लेषण गरिएको छ ।

### १.४.३ योजना तर्जुमा चरण

### १.४.३.१ परिचयात्मक कार्यशाला तथा अभिमुखिकरण

आवधिक योजनाको परिचय, महत्व र तर्जुमा प्रकृया तथा विधिहरुवारे परिचयात्मक एवं अभिमुखिकरण कार्यक्रम २०७५ चैत्र ३ मा आयोजना गरिएको थियो । सो क्रममा योजना तर्जुमा समिति गठन, जिम्मेवारी वाँडफाँड र कार्ययोजना तयार गरिएको थियो । गाउँ कार्यपालिका र विषयगत शाखा प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

### १.४.३.२ वडा स्तरीय तथा विषयगत परामर्श

परिचयात्मक कार्यक्रम पश्चात वडा स्तरीय तथा विषयगत समिति एवं विज्ञ समुह संग परामर्श तथा छलफल गरिएको छ । २०७५ चैत्र १५ देखि १८ गते सम्म प्रत्येक वडामा एक एक दिन आयोजना गरिएको थिया । वडा स्तरीय छलफलमा वडा समितिका पदाधिकारी, वडा सचिव लगायत विषयगत सेवा केन्द्रका प्रमुख तथा प्रतिनिधि तथा सरोकारवालाको सहभागिता रहेको थियो । सो छलफलवाट वडाका सम्भावना, अवसर, समस्या तथा समाधानका उपायहरुमा छलफल तथा संकलन गरिएको छ । वडा स्तरीय छलफलवाट आएका सामग्रीका आधारमा गाउँपालिका स्तरीय कार्यशाला आयोजनामा विष्लेषण तथा छलफल गरिएको छ ।

### १.४.३.३ योजना तर्जुमा कार्यशाला

२०७६ बैशाख २३, २४ र २५ गते अवस्था तथा सम्भावना विश्लेषण र गाउँ विकासको दर्घिकालनि सोच र प्रमुख कार्यक्रम तथा रणनीतिहरु तर्जुमाका लागि कार्यशाला आयोजना गरिएको छ । कार्यशालाले गापा क्षेत्रमा विगतमा भएका प्रयास तथा उपलब्धी र हाल परिचालन भएका एवं भविष्यमा परिचालन हुन सक्ने श्रोतका वारे विश्लेषण गरेको छ । यस क्रममा, वडा स्तरीय छलफल मार्फत आएका सामग्री, सूचना तथा तथ्याँकको आधारमा गापाको विद्यमान अवसर, चुनौति, सम्भावना तथा समस्या वारे विश्लेषण गरी दर्घिकालिन सोच तथा प्रमुख कार्यक्रम तथा बजेट निर्धारण गरिएको छ । कार्यशालामा कार्यपालिका, सभा, गापाका विषयगत शाखा प्रमुख तथा सरोकारवालागरी ५७ जनाको सहभागिता रहेको थियो ।

### १.४.३.४ मस्यौदा योजना दस्तावेज तयारी

कार्यशाला पश्चात, तत्कालिलन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मार्गदर्शन, नतिजामूलक योजना खाका र गापामा सहमत ढाचामा आवधिक गाउँ विकास योजनाको प्रथम मस्यौदा दस्तावेज तयार गरिएको छ । योजनामा राष्ट्रिय योजनाको ढाँचा, सुचक र लक्ष्य तथा दिगो विकासका लक्ष्य एवं खाका समेतलाई ध्यान दिइएको छ ।

### १.४.३.५ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

दस्तावेज तयार गरी गाउँपालिकाका पदाधिकारीहरुकसँगको दोहोरो छलफल पछि योजना प्रमाणीकरण कार्यशाला आयोजना गरिने छ । नतिजामुलक योजनाको ढाँचा, सहभागितामुलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाव र परामर्श लिनु यस कार्यशालाको उद्धेश्य रहेको छ ।

## १.५ योजनाको विषयगत क्षेत्रहरू

अर्नमा गाऊँ कार्यपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयहरुलाई देहाय अनुसार विषय क्षेत्र तोकी आवधिक योजनामा समावेश गरिएको छ :

(क) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, सिंचाई, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्नु पर्नेछ ।

(ख) **सामाजिक विकासः** शिक्षा तथा मानव संशाधन, स्वास्थ्य, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद संस्कृति प्रबर्द्धन, सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), आवास, भवन तथा सहरी विकास, विद्युत तथा वैकल्पिक उर्जा, सुचना तथा सञ्चार जस्ता क्षेत्र समावेश गर्नु पर्नेछ ।

(घ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गरिनेछ ।

(ङ) **सुशासन तथा संस्थागत विकासः** कानून तथा नीति तर्जुमा, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखापरिक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गरिनेछन् ।

## १.६ आवधिक योजनाको दस्तावेज

यस आवधिक योजनालाई परिच्छेद १: परिचय, परिच्छेद २ : अवस्थिति विश्लेषण, परिच्छेद ३: योजना अवधारणा र प्रारुप, परिच्छेद ४: कार्यान्वयन योजना गरी चार भागमा प्रस्तुत गरिएको छ ।

## १.७ आवधिक गाउूविकास योजना तर्जुमाको सिमा

गापाको नेतृत्व र गाउँ विकासका सरोकारवालाको सहभागितामा परामर्श तथा सहभागितामुलक छलफल विधिद्वारा तर्जुमा गरिएको आवधिक गाउँ विकास योजना स्थानीय तहको पुर्नसंरचनापछिको पहिलो आवधिक योजना हो । यो योजना संघीय ऐन (स्थानीय सरकार संचालन ऐन, २०७४) र गापाले तयार गरेको कार्यविधिमा आधारित रहेर तयार गरिएको छ । यसका साथै विगतमा स्थानीय तहवाट गरिएको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ ।

यसै गरी यो योजनालाई गापास्तरका विषयगत योजनाहरुको छाता योजनाको रुपमा प्रस्तुत गरी विषय क्षेत्रगत रणनितिक योजना, राष्ट्रिय योजना तथा नीतिसँग तादाम्यता कायम गरी योजनामा अन्तिम छलफल गरी आवधिक योजनालाई अन्तिम रुप दिईनेछ । आवधिक योजनालाई साँकेतिक योजनाको रुपमा प्रस्तुत गरिएको छ , यद्यपि, आवश्यकताका आधारमा भौगोलिक तथा वार्षिक रुपमा समेत स्पष्ट गर्ने कोशिस गरिएको छ ।

# परिच्छेद २ : वस्तुस्थिति विश्लेषण

यस परिच्छेदमा गापाको भौगोलिक अवस्थिति, राजनैतिक विभाजन, जनसाँख्यिक अवस्था गापाको विषय क्षेत्रगत अवस्था विश्लेषणको संक्षिप्त प्रस्तुति गरिएको छ ।

## २.१. गाउापालिकाको संक्षिप्त परिचय

सिरहा जिल्लामा अवस्थित अर्नमा गाउँपालिका प्रदेश नं.२ अन्तरगतको तराई विशेषता बोकेको गाउँपालिका हो । साविकमहानौर, अर्नमा लालपुर, गौरिपुर र कृष्णपुर गाविस मिलेर बनेको यो गाउँपालिका ३७.७६वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । अर्नमा गाउँपालिका भौगोलिक अबस्थितिका हिसाबले २६ डिग्री ३८ मिनेट ७ सेकेण्ड देखि २६ डिग्री ४४ मिनेट  ४५ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री १५ मिनेट ४५ सेकेण्ड देखि ८६ डिग्री १९ मिनेट २५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। यस गाउँपालिका सिरहाजिल्लाको सदरमुकाम सिरहा देखि करीब १७ किमी पुर्व उत्तरमा रहेको छ । गाउँपालिकाको पूर्वमा सुखिपुर नगरपालिका, पश्चिममाबिष्णुपुर गाउँपालिका तथा सिरहा नगरपालिकाको १०,२२ वडा, दक्षिणमा औरहि गाउँपालिका र सिरहा नगरपालिकाको १९ नं. वडासँग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफल ११४०.५७ वर्ग किमी मध्ये ३.३१ प्रतिशत भुभाग ओगटेको छ । वडा अनुसार गाउँपालिकाको क्षेत्रफल यस अनुसार रहेको छ ।

**तालिका २.१: समावेस गाविस तथा वडागत क्षेत्रफल**

| वार्ड नं. | समाबेश गरिएका साबिक गाबिस | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | महनौर (१–९) | ८.०४ | २१.२८ |
| २ | अर्नमा लालपुर (१–३) | ४.७६ | १२.६० |
| ३ | अर्नमा लालपुर (४–९) | ११.५८ | ३०.६७ |
| ४ | गौरीपुर(१–९) | ५.८७ | १५.५४ |
| ५ | कृष्णपुर (१–९) | ७.५२ | १९.९१ |
| **जम्मा** | | **३७.७६** | **१००.००** |

श्रोत: अर्नमा गाउँपालिका ,२०७५

धरातलिय स्वरुपका हिसाबले यो गापाको अधिकांश भूभाग समथर क्षेत्रले ओगटेको छ । यस गाउँपालिकामा वसोवास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन रहेको छ। यस क्षेत्रमा मुख्यतया समथर भुभाग रहेको छ। सामान्यतया: यस क्षेत्रमा बलौटे खालको माटो रहेको देखिन्छ । भूमीको प्रकारको आधारमा क्षेत्रफल तालिका २.२ मा दिइएको छ ।

घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकाको कूल घरपरिवार र जनसंख्या क्रमश: ५१५८ र २७३८७ ( १२७९७ महिला) रहेको छ । वडाअनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. १ मा ७९५० रहेको छ भने सबै भन्दा न्यून वडा नं. २ मा ३५५१ रहेको देखिन्छ । विवरण अनुसार औषत घरपरिवारको आकार २६.७३र लैंगिक अनुपात ५७१.०४ रहेको छ । यस सम्बन्धी वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

गाउँपालिका भित्र बसोबास गरिरहेका घरपरिबारहरुको जातिगत बाहुल्यता अध्ययन गर्दा तराई अन्यको संख्या १८१७ (३५.२७%) त्यसपछि क्रमशः तराई आदिबासी/जनजाती, तराई दलित, मुस्लिम, पहाडी अन्य (२७.१२, १७.५६, १०.७६ र ८.८२ प्रतिशत) तथा थोरै संख्यामा अन्य जातजातीको समेत उपस्थिती रहेको देखिन्छ । यस सम्बन्धि बिस्तृत बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । यसै गरी धार्मिक हिसाबले गाउँपालिका भित्र मानिएको धर्महरु मध्ये सबैभन्दा धेरै हिन्दु धर्म मान्नेहरु २३,८८१ अर्थात् ८७.२ प्रतिशत रहेका छन् । त्यसैगरि, मुस्लीम, बौद्ध, कबिर पन्थ, इसाई र जैन धर्म मान्नेहरुको जनसंख्या क्रमश: ३४५५, २७, १९, ४ र १ रहेको देखिन्छ । वडा अनुसार विभिन्न धर्म अनुसारको जनसंख्या विवरण देहाय बमोजिम रहेको छ ।

गाउँपालिका क्षेत्रको साक्षरताको स्थिति हेर्दा सरदर पुरुष साक्षरता दर ३२.०५ र महिला साक्षरता दर २०.३१ रहेको छ । जस अनुसार वडा नं. ३ मा दुबैमा सबैभन्दा बढी ९.३२ % (पु) तथा ५.७२ % (म) साक्षर रहेका छन् भने दुबै तर्फ सबैभन्दा न्यून वडा नं.४ मा ३.८ % (पु) तथा २.३७ % (म)साक्षर रहेको छ । यस सम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## २.२. विकासका लागि विगतका प्रयास र उपलब्धी

नेपालको संविधान २०७२ अनुसार स्थानीय तह घोषणा पश्चात यस गापाामा प्रथम पटक नतिजामूलक आवधिक योजना तर्जुमा गरिएको हो । विगतमा साविकका गाविसमा समेत प्रभावकारी तथा योजनावद्ध विकासका लागि प्रयासहरु भएको पाईन्छ तर नतिजामुलक तथा दिर्घकालिन योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यासमा अभाव रहेको देखिन्छ । नतिजाको अभिलेख अभाव रहेता पनि, बार्षिक रुपमा विभिन्न विषय क्षेत्रगत विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन भएको पाईन्छ । स्थानीय तह घोषणा भई पहिलो पटक जननिर्वाचित प्रतिनिधि वहाली भए पश्चातको पहिलो आवधिक योजना भएकोले यो योजना गापाको विकासमा कोषेढुङ्गा सावित हुने विश्वास गर्न सकिन्छ ।

## २.३ वस्तुस्थिति विश्लेषण

यस शिर्षक अन्तर्गत गापाको विषयक्षेत्रगत अवस्था विश्लेषण गरिएको छ । प्रमुख पाँच विषयक्षेत्रहरुः आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको सम्भावना तथा अवसर, समस्या तथा चुनौति र समाधानका उपाय एवं उपयोगका रणनितिहरु प्रस्तुत गरिएको छ ।

### २.३.१ आर्थिक विकास ः

गाउँपालिकाको कृषि प्रसार तथा विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यवसाय सिर्जना र विकास, सहकारी, बैंक तथा वित्तीय सेवा सुविधा लगयत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्र विषयसँग सम्बन्धित संभावना, समस्या तथा आवश्यकताको विषय क्षेत्रगत रुपमा विश्लेषण गरिएको छ ।

#### क. कृषि प्रसार तथा विकास

आर्थिक विकास अन्तर्गत कृषि उपक्षेत्रको विषयगत स्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - प्रसस्त कृषियोग्य जमिन रहेको<br>- कम्तिमा २७ वटा सार्वजनिक पोखरी रहेको<br>- कम्तिमा ४० विगाह क्षेत्रफल बराबरको ४० भन्दा बढी निजी पोखरीहरु रहेको<br>- व्यवसायिक रुपमा माछापालन, आँप, लिचि, लताम, कटहर, मौसमी तथा बैमौसमी तरकारी खेती भैरहको<br>- ५ वटा हाटवजार संचालनमा रहेको<br>- दक्ष कृषि प्राविधिक ४ जना र ७० जनाभन्दा बढी अगुवा कृषकहरु क्रियाशील रहेको<br>- ४० वटा कृषक समूह त्रियाशील रहेको<br>- सामान्य वीउवीजन, मलखाद स्थानीयस्तरमा उपलब्ध रहेको | - कृषिभूमी धेरै बाँझो रहनु एवं खेती कार्यभन्दा अन्य कार्यमा जमीनको प्रयोग बढ्दै गईरहको<br>- गुणस्तरहीन वीउवीजनका कारण उत्पादकत्वमा ह्रास हुँदै गईरहेको<br>- सार्वजनिक पोखरीहरु पूर्णरुपमा संचालनमा नआएको<br>- उपजको वजार पहुँच एवं उत्पादनका सामग्रीको ढुवानीका लागि पर्याप्त कृषि सडक नभएको<br>- उन्नतजातको वीउवीजन, मल खाद्य, आधुनिक कृषि औजार समयमा उपलव्ध हुन नसक्नु<br>- संचालित हाट वजारको व्यवस्थित नहुनु<br>- दक्ष कृषि प्रविधिक पर्याप्त हुन नसक्नु<br>- माछापालनको लागि उन्नत जातका माछाका भुराहरु पर्याप्त रुपमा उपलव्ध हुन नसक्नु | - जग्गा उपयोग सम्बन्धी स्पष्ट नीति नियम<br>- उन्नत जातको विउ विजनको सहज उपलव्धता<br>- उत्पादन पकेट क्षेत्र पहिचान गरी कृषि सडकको निर्माण<br>- आवश्यक कृषि जनशक्तिको स्थानीयस्तरमा उत्पादन<br>- गुणस्तरीय वीउवीजन, औषधी, औजारको समयमा उपलव्धता गराउने<br>- माटो परिक्षण केन्द्र स्थापना वा शिविर संचालन<br>- कृषि वजारहरुलाई व्यवस्थित गर्ने<br>- व्यवसायिक माछापालनको लागि गुणस्तरीय माछाका भुराको नर्सरीको स्थापना<br>- कृषि विमा तथा कृषि ऋणको व्यवस्था गर्ने |
| - आफ्नै उत्पादन र आम्दानीले १२ महिना खान पुग्ने परिवार ४१ प्रतिशत रहेको<br>- खाद्यान्न भण्डारण गर्न सकिने गरी पूर्वाधार निर्माण गर्न जमीन रहको | - खेती हुनसक्ने जमीनमा उत्पादन पूर्वाधार, प्रविधि, जनशक्ति र सिंचाईको अभाव<br>- खाद्य उत्पादन तथा भण्डारण गर्ने घरको अभाव<br>- वीउ वीजन भण्डारणको अभाव<br>- | - कृषि उत्पादन वृद्धिका लागि पूर्वाधार, प्रविधि, जनशक्ति र सिंचाईको व्यवस्था गर्ने<br>- खाद्य भण्डारका लागी घरको व्यवस्था गर्ने<br>- वीउ बिजन राख्ने ठाउँको व्यवस्था गर्ने<br>- बजारको व्यवस्थापनका लागि सम्बन्ध विकास गर्ने<br>- कोल्ड स्टोर स्थापना एवं संचालन गर्ने |

#### ख. सिंचाई

आर्थिक विकास अन्तर्गत सिंचाई उपक्षेत्रको स्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - गाउँपालिकामा २ वटा नदि मैनावती र सहजा नदि रहेको<br>- १० किमि नहरको निर्माण एवं संचालनमा रहेको<br>- १ डिपट्यूववेल जडान भएको<br>- | - समयमा बाधमा पानी आउदैन<br>- कृषि सिचाईका विद्युतीकरण हुन नसकेको<br>- बर्षाको पानीलाई संचित गर्ने व्यवस्था हुन नसक्नु<br>- डिप बोरिङहरु पर्याप्त नहुनु को व्यवस्था छैन<br>- सिचाईको लागि आवश्यक पर्ने नहर तथा कुलो पर्याप्त नभएको<br>- आवश्यक सबै ठाउँमा बोरिंगको व्यवस्था हुन नसक्नु | - नदीनालाको व्यवस्थित गरी कुलो बनाई ठाउँ ठाउँमा पानीको व्यवस्था गर्ने<br>- पक्कीबाँध तथा रिङ्ग बाँधको व्यवस्था मार्फत सिंचाईको व्यवस्था गर्ने<br>- आवश्यक स्थानमा डिप बोरङिको व्यवस्था गने<br>- वर्षाको पानीलाई संचित गरी आवश्यक समयका लागी उपयोग गर्ने व्यवस्था मिलाउने<br>- कृषि सिचाईका लागी बिजुली, तार, पोलको व्यवस्था गर्ने |

## ग. पशुपालन, सेवा तथा विकास

आर्थिक विकास अन्तर्गत पशु विकास तथा सेवाको स्थिति विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - उन्नत जातको पशुपालन कार्यको शुरुवात भएको<br>- १५ भन्दा बढी व्यवसायिक पशुपालन फर्महरु संचालनमा रहेको<br>- १७ वटा फर्ममा करी ५० हजार कुखुरापालन भैरहको<br>- पशुपालन कृषक समूह १० वटा रहेको<br>- नश्ल सुधारको कार्यक्रम शुरु भएको<br>- ३ वटा डेरी संचालनमा रहेको<br>- ८ जना पशु प्राविधिक क्रियाशील रहेका | - उन्नत जातको गाईभैसी, बाखापालन पर्याप्त हुन नसक्नु<br>- आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी<br>- उन्नत घाँसको व्यवस्था नहुनु<br>- पशुपन्छीका लागी औषधी उपचारको व्यवस्था पर्याप्त नहुनु<br>- दक्ष जनशक्तीको सहयोगमा पशुपालन तालीमको व्यवस्था नहुनु<br>- दुग्ध चिस्यान केन्द्रको कमी<br>- समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नरहेको<br>- सर्वसुलभ भेटनरी तथा पशु प्राविधिक नहुनु<br>- पशुजन्य उत्पादनको सहज विक्री वितरणको प्रवन्ध नहुनु<br>- पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु<br>- पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु<br>- पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु | - उन्नत जातको गाइ ,भैसी, बाखा उपलब्ध गराउने<br>- आधुनिक किसिमको गोठ, खोरको व्यवस्था गर्ने<br>- उन्नत घाँस उत्पादनका लागि प्रोत्साहनका कार्यक्रम संचालन गर्ने<br>- पशुपन्छीका लागी औषधी उपचार केन्द्रको व्यवस्था गर्ने<br>- दक्ष जनशक्तीको सहयोगमा पशुपालन तालीमको व्यवस्था गर्ने<br>- समय समयमा विषेशज्ञ सेवा स्थानीयस्तरमा उपलब्ध गराउने<br>- दुग्ध चिस्यान केन्द्रको स्थापना गर्ने<br>- पशुजन्य उत्पादनको सहज विक्री वितरणको प्रवन्ध मिलाउने<br>- पशु फार्म व्यवस्थापन सम्बन्धी सीप हस्तान्तरण गर्ने<br>- पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला स्थापना गर्ने<br>- पशुपालनका लागि आवश्यक सरल कर्जा एवं बीमाको व्यवस्था गर्ने |

## घ. उद्योग, व्यापार तथा बजार व्यवस्थापन

आर्थिक विकास अन्तर्गत उद्योग, व्यापार क्षेत्रको स्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ३ वटा ईटाभट्टा संचालनमा रहेको<br>- कुटानी पिसानीका २५ भन्दा बढी मिलहरु रहेको<br>- काठ चिरान समेत ४ वटा फर्निचर उद्योगहरु संचालनमा रहेको<br>- संचालित उद्योगहरुबाट करीब ३५० जनाभन्दा बढी रोजगारी सृजना भएकाउ<br>- गाउँपालिका क्षेत्रमा साना ठूला गरी प्रसस्त मात्रामा चिया दोकान, खुद्रा पसल, लगायतका सेवामूलक व्यवसायहरु संचालनमा रहेको | - उधोग सम्बन्धी जानकारीको अभाव<br>- स्थानीय रुपमा धान ,गहु, मकै, जुटजस्ता उत्पादनलाई संकलन तथा प्रशोधन गर्ने उद्योगको कमी<br>- घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त नहुनु<br>- उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु<br>- दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु | - उद्योगको संभाव्यता अध्ययन गरी उपयुक्त उद्योगको स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने<br>- स्थानीय उत्पादनको संकलन तथा प्रशोधन गर्ने उद्योगको स्थापना गर्ने<br>- घरेलु उद्योग सम्बन्धी तालीम पर्याप्त मात्रामा संचालन गर्ने<br>- उद्योग स्थापनाका लागि न्यूनतम पूर्वाधारको विकास गर्ने<br>- दक्ष जनशक्ति उत्पादनका लागि कार्यक्रम संचालन गर्ने<br>- उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने |

## ङ. पर्यटन विकास

आर्थिक विकास अन्तर्गत पर्यटन विकास तथा प्रवर्धन उपक्षेत्रको स्थिति विश्लेषण देहाय अनुसार प्रस्तुत छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा भक्तजनहरुको आवतजावत हुने मठ मन्दिरहरु रहेका<br>- गोसा जंगलमा पिकनिक स्पटको संभावना<br>- तुलसीडिहमा २२ विगाह क्षेत्रमा एकिकृत कृषि पर्यटन केन्द्र संतालनको संभावना | - मठ मन्दिरहरु रहेका क्षेत्रको संरक्षण एवं प्रवर्द्धन नहुनु<br>- पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै याजना नहुनु<br>- मठ मन्दिर व्यवस्थित ढंगले नचल्नु, प्रचार प्रसार नहुनु, यातायातको व्यवस्था नहुनु | - मठ मन्दिरहरु रहेका ठाउँलाई आकर्षक बनाउने एवं सडक, धर्मशाला, बृक्षारोपण लगायतका प्रवर्द्धनका कार्यक्रम संचालन गर्ने<br>- पर्यटकीय गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने<br>- प्रचार पसारको व्यवस्था गर्ने<br>- यातायातको व्यवस्था मिलाइ दिने,<br>- अधूरा मठ मन्दिर पुर्ण रुपले निर्माण गर्ने<br>- सार्वजनिक जग्गाहरुमा पार्क, सिमसार क्षेत्रको निर्माण गर्ने<br>- |

## च. बैङ्क, सहकारी तथा बित्तीय सेवा

आर्थिक विकास अन्तर्गत बैङ्क, सहकारी तथा बित्तीय सेवा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - १२ वटा वित्तीय संस्थाहरु (बैंक, सहकारी वितिय संस्थाहरु छन ।<br>- वचत तथा ऋण सहकारी लगायत गाउँपालिकामा सहकारीहरुको उल्लेख्य उपस्थिति रहेको | - कृषि सहकारीहरु नभएको<br>- वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु<br>- व्यवसायिक गतिविधि संचालन गर्न उधमशिलताको कमी | - बैंकिंग लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गर्ने<br>- वित्तीय साक्षरताका कार्यक्रम संचालन गर्ने<br>- आर्थिक कारोवारका लागि बैंक तथा वित्तीय संस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गर्ने |

## २.३.२ सामाजिक विकास

सामाजिक विकास क्षेत्रको योजनामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

### ख. शिक्षा तथा मानव संशाधन

सामाजिक विकास अन्तर्गत शिक्षा तथा मानव संशाधन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - आधारभुतविद्यालय- १० वटा रहेको (वडा नं १-१, २-१, ३-३, ४-१, ५-४)<br>- वालविकासकेन्द्र १० वटा रहेको<br>- वडा नं. २ र ४ मा ( १०+२) र वडा नं. ३ र ५ मा १० कक्षा सम्म गरी जमा ४ वटा मावि रहेका<br>- मदर्सा ९ वटा (वडा नं. १मा) रहेको<br>- संस्थागतविद्यालय १० वटा (वडा नं. १ मा ३, २ मा २, ३ मा ४ र ४मा १ वटा)<br>- शिक्षकहरु उपलब्ध छन्<br>- सामान्यत: सवै विद्यालयको आफ्नै भवन रहेको छ ।<br>- पुगनपुगफर्निचर सवै | - भवनको अभाव, फर्निचर र सिकाई सामाग्रीहरु प्रयाप्तनभएको<br>- विद्यालयहरुमास्वच्छ खानेपानी तथा चर्पीप्रयाप्तनभएको<br>- शिक्षकको संख्याअपुग<br>- विद्यार्थी बढाउने कार्यक्रमनभएको<br>- अपाङ मैत्रीभवन र सौचालयनभएको<br>- धुलो भएको कोठा तथाभित्ता प्लास्टर नभएको<br>- सौचालय छात्रामैत्री र अपाङगमैत्री नभएको<br>- कम्प्युटर शिक्षाको व्यवस्थानभएको<br>- पुस्तकालय तथा विज्ञान प्रयोगशालाको कमी<br>- खेलकुद सामाग्रीको कमि<br>- आइ.सि.टि. को कमजोर अवस्था<br>- कार्यक्रम सञ्चालनको लागिमंचको अभाव<br>- विषयगत शिक्षकको अभाव<br>- शिक्षकलाई तालिमको अभाव<br>- शिक्षकको अनुशासनमाकमि<br>- शिक्षकहरु समयमा विद्यालय नआउने<br>- चेतनाको कमिले छात्राहरु विद्यालय | - विद्यालयको स्तरोन्नति गरी संचालन गर्ने<br>- सवै विद्यालयहरुको आवश्कता अनुसार भवन निर्माण गर्ने<br>- फर्निचर तथा सिकाई सामाग्रीहरुको व्यवस्था र विद्यालयहरुको अनुगमन गर्ने<br>- उपकरण र ल्यावको व्यवस्था गर्ने<br>- विद्यार्थी भर्नादर बढाउन दिवाखाजा कार्यक्रम संचालन गर्ने<br>- आवश्यकता अनुसार विषयगतशिक्षकको तुरुन्त नियुक्ती गर्ने<br>- भईरहेका कक्षा कोठालाई धुलो रहित कक्षा बनाउने<br>- प्रोजेक्टर विधिबाट पठनपाठन गराउने व्यवस्था मिलाउने<br>- कम्प्युटर शिक्षाको व्यस्था गर्ने<br>- विधार्थीको अनुपातमा विषयगत शिक्षक राख्ने व्यवस्था मिलाउर्ने<br>- प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गर्ने<br>- जनचेतना सम्बन्धी तालिमको व्यवस्थामिलाउने<br>- खेल मैदानको व्यवस्था मिलाउने<br>- शैक्षिक भ्रमणको व्यवस्था गर्ने<br>- स्नाकोतर सम्म क्याम्पसको व्यवस्था मिलाउने<br>- आइ.सि.टि.सुविधाको व्यवस्था मिलाउने<br>- कक्षा कोठा र विद्यालय घेराबेराको व्यवस्था मिलाउने<br>- विद्यालयहरुको अनुगमन गर्न प्रत्येक विद्यालयमा सि.सि. |

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| विद्यालयमा रहेको<br>- विद्यालयकोभौतिक संरचना, खेल मैदान रहेको<br>- शैक्षिक क्रियाकलाप नियमितहुने गरेको | छाड्ने<br>- बालमैत्री विद्यालयको कमि<br>- अपाङ भएका विध्यार्थीहरुका लागि डेकेयर सेन्टरको अभाव<br>- अपाङता र अतिबिपन्न विध्यार्थीहरुका आवश्यक्ता अनुसारको छात्रवृति नभएको | क्यामेरा जडान गर्ने<br>- विद्यालयक्षेत्र सुधार योजना कार्यन्वयन गर्न जोड दिने<br>- वालवालिकाको लागि छुटै मन्टेश्वरी कक्षा संचालन गर्ने<br>- अपाङ भएका विद्यार्थीहरुका लागि डेकेयर सेन्टर संचालन गर्ने |

## ख. आधारभूत स्वास्थ्य

सामाजिक विकास अन्तर्गत आधारभुत स्वास्थ्य तथा सरसफाई उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ४ वटा स्वास्थ्य चौकी रहेको<br>- २ वटा स्वास्थ्य चौकीमा प्रसुती गृह रहेको (महनौर र अर्नमा)<br>- १ वटा स्वास्थ्यचौकीमा ल्याव सेवा रहेको<br>- महिला स्वयम सेविकाहरु क्रियाशिल रहेको<br>- आमा समुहरु रहेको | - हस्पिटल नभएको<br>- सवै स्वास्थ्य संस्थामा उपकरणहरु उपलब्ध नभएको र भएको उपकरण पनि जिर्ण अवस्थामा रहेको<br>- प्रसुतिगृहको लागि भौतिक संरचना, औजार र सोलारपावर आदी उपलब्ध नभएको<br>- भएको प्रसुतीगृह २४ घण्टा सञ्चालनमानरहेको<br>- सवै वडामा स्वास्थ्य चौकी नरहेको<br>- स्वास्थ्य चौकीहरुमा २४ घण्टा बतिको कमी<br>- बिरामी भर्ना गर्ने वेड नभएको<br>- गाउँपालिकामा एम्बुलेन्स सेवानभएको<br>- स्वास्थ्य संस्थाहरुको भवन अपाङ्गमैत्री नभएको | - एम.वि.एस. डाक्टर सहित २५ शैयाको अस्पताल स्थापना गर्ने<br>- २४ घण्टे प्रसुतीगृह संचालन गर्ने<br>- दरबन्दीअनुसारको स्टाप व्यवस्था गर्ने<br>- फर्निचर तथा उपकरणहरु व्यवस्था मिलाउने<br>- स्वास्थ्य चौकीहरुको भवनको व्यवस्था गर्ने<br>- स्वस्थ्य सम्बन्धी जनचेतना तथा परामर्श दिने<br>- सवै स्वास्थ्य चौकीहरुमा २४ घण्टा विद्युतको व्यवस्था मिलाउने<br>- सवै वडामा प्रसुती गृहको व्यवस्था गर्ने<br>- हरेक वडामा एक वटा एम्बुलेन्स व्यवस्था गर्ने<br>- विशेषज्ञ सेवा, कोठा भवन, औषधीको व्यवस्था मिलाउने<br>- स्वास्थ्य संस्थाहरुको भवन अपाङ्गमैत्री बनाउने<br>- बाँकी स्वास्थ्य चौकीमा ल्याव सेवाको व्यवस्था गर्ने |

## ग. खानेपानी तथा सरसफाई

सामाजिक विकास क्षेत्र अर्न्तगत खानेपानी तथा सरसफाई उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - वाटर लेभल राम्रो भएको<br>- ट्युवेल छ,चर्पी छ ।<br>- हयान्ड पम्पको चलन प्रसस्त रहेको<br>- कल,चपाकल संचालनमा रहेको<br>- | - स्वच्छ खानेपानी छैन<br>- सार्वजनीक सौचालय नरहेको<br>- खानेपानी र सरसफाई छैन<br>- आर्सेनिक परिक्षण नभएको,<br>- खानेपानी टंकीको अभाव (सवै वडामा)<br>- पानी शुद्धिकरण गर्ने प्रविधि नभएको<br>- डिप हयान्ड पम्पको कमि<br>- ठाउँ ठाउँमा डस्टविन छैन<br>- सरसफाईका लागि जनचेतनाको कमी | - डिप कल वा धारापानीको व्यवस्था, सरसफाई टंकीको व्यवस्था मिलाउने<br>- खोलाको पानी सुद्धिकरण गर्ने व्यवस्था गर्ने<br>- हरेक वडामा ठूला खानेपानी टंकीको निर्माण योजना वनाउने<br>- खानेपानी र सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने<br>- सार्वजनिक ठाउँहरुमा डस्विनको व्यवस्था गर्ने<br>- सार्वजनिक शौचालयको व्यवस्था गर्ने<br>- पानी सुद्धिकरण गर्ने प्रविधिको व्यवस्था गर्ने<br>- पानीको मुहान सफाई तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने |

## घ.समावेशिकरण तथा सामाजिक सुरक्षा

सामाजिक विकास अन्तर्गत समावेशिकरण तथा सामाजिक सुरक्षा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - होनाहार वालवालिकाहरु रहेको<br>- आदिवासीजनजातीहरु रहेको<br>- दलित, पिछडा वर्ग रजेष्ठ नागरिकको उपस्थिति रहेको<br>- अपाङ्गताभएकाव्यक्ती रहेको | - महिला, आदिवासी, जनजाती, दलित, पिछाडा वर्ग, अपाङ्गहरुलाई आत्मनिर्भर नभएको<br>- अपाङ्ग महिलामैत्री स्कुल नभएको<br>- अपाङगता भएका व्यक्तिहरु बेरोजगार तथा | - महिला, आदिवासी, जनजाती, दलित, पिछाडा वर्ग, अपाङ्गहरुलाई आत्मनिर्भर तालिम उपलब्ध गराउने<br>- महिलाको नेतृत्वविकास तालिम व्यवस्था मिलाउने<br>- कुपोषित बालवालिकाको लागि पौष्टिक आहरको व्यवस्था गर्ने |

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| - दलित, आदिवासी, जनजाती, पिछडा वर्गका मानिसहरु सिपयुक्त नभएको<br>- महिला सञ्जाल १ वटा रहेको<br>- महिला सहकारी १ वटा<br>- आमा समूह ४ वटा<br>- नागरिक सचेतना केन्द्र ६७ वटा | अपहेलीत छन्<br>- जेष्ठ नागरीक गृह नभएको<br>- स्वास्थ्य र सम्मानको अभाव<br>- असहायहरुको जिवन निर्वाहमा कठिन<br>- बलबालिकाको पोषणको कमी,<br>- महिलाहरुमा जनचेतनाको कमी<br>- बालविवाह व्यप्त रहेको<br>- बालवालिकालाई विद्यालय पठाउने चलनमा कमी<br>- बालिकाको भ्रुण हत्या गर्ने चलन व्यप्त रहेको<br>- महिला तथा बालवालिका शाखामा कर्मचारी नभएको | - महिला, दलित, तथा पिछडा वर्गको लागि सिपमुलक तालिम दिई विना धितो ऋण उपलब्ध गराउने<br>- अपांगता भएकाहरुका लागि सहायक सामग्रीको उपलब्धता, विनाधितो ऋण, छात्रवृतिको व्यवस्था मिलाउने<br>- नि:शुल्क स्वास्थ्य उपचार र पौष्टिक तत्वको व्यवस्थापन (अपाङ्ग तथा विपन्न वर्गहरुका लागि) व्यवस्था मिलाउने<br>- अपाङ्गहरुका लागि क्षमता बृद्धि र नैतृत्व विकाश तालीम संचालन गर्नु पर्ने<br>- बालविवाह विरुद्ध अभियान तथा बेटी बचाउ बेटी पढाउ अभियान सञ्चालन गर्ने |

### ङ. कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप

सामाजिक विकास क्षेत्रको कला सँस्कृति र मेलमिलाप उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौति | संभावना उपयोग रणनीति |
|---|---|---|
| **प्रतिफल २.१:** माध्यमिक तहको शिक्षामा व्यवसायिक, प्राविधिक र उत्तरदायी शिक्षाको आधार तयार भएको हुनेछ । | विद्यालयवाहिर रहेका (५-१५ वर्ष) बालबालिका | जना | १५ | ५ | ० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- विद्यालय सुधार योजना प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ ।<br>- सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- गाउँपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ ।<br>- स्थानीयस्तरमा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र समझदारीमा बृद्धि हुनेछ । |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | संख्या | ३२५४ | ३३०० | ३५०० | | |
| | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | १०० | १०० | १०० | | |
| | कक्षा १० को जिपिएऔषत | संख्या | | | | | |
| | कक्षा १२ को जिपिएऔषत | संख्या | | | | | |
| | कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ७६ | ८० | ९५ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९० | ९२ | ९५ | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९१.६ | ९३ | ९५ | | |
| | बालमैत्रीसिकाइविधिअवलम्बल गर्ने विद्यालय | प्रतिशत | १२ | १४ | १४ | | |
| | पानीतथासरसफाइ सुविधा सहितशौचालयनिर्माण भएकाविद्यालय संख्या | संख्या | १४ | १४ | १४ | | |
| | इन्टरनेट सुविधापुगेको विद्यालय | संख्या | ४ | ९ | १४ | | |
| | बालमैत्रीपुर्वाधार (पर्खाल, कक्षा कोठा र खेल मैदान ) भएकाविद्यालय | संख्या | १४ | १४ | १४ | | |
| | छात्रवृत्तीपाउने विद्यार्थी संख्या | संख्या | ४०३३ | ४२०० | ४३०० | | |
| | वालक्लव गठन भएकाविद्यालय | संख्या | १४ | १४ | १४ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७८/७९ | ०८०/८१ | | |
| | शिक्षकविद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | | | | | |
| | महिलाशिक्षकको अनुपात | प्रतिशत | | | | | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ४ | ९ | १० | | |
| | प्राविधिकविद्यालय | संख्या | ० | १ | १ | | |
| | उच्चशिक्षाक्याम्पस | संख्या | ० | १ | १ | | |
| **प्रतिफल २.२:** गुणस्तरीय आधारभुत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि भएको हुनेछ । | विरामीपर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पतालजाने जनसंख्या | प्रतिशत | ३० | ५० | ९० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | २५०० ग्रामभन्दाकमजन्मतौलभएकाशिशु | प्रतिशत | | ० | ० | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवतीमहिला | प्रतिशत | १८ | ६० | ९० | | |
| | झाडापखालाको संक्रमण दर (प्रतिहजारमा) | जना | ७५० | ४२५ | २२५ | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रतिहजारमा) | जना | ९५० | ७५० | ४५० | | |
| | स्वास्थ्य संस्थामाकार्यरत स्वास्थ्यकर्मी | जना | ३१ | ३५ | ४० | | |
| | भिटामिन ए प्राप्तगर्नेबालबालिका | प्रतिशत | १०० | १०० | १०० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | २८ | ५० | ५५ | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | संख्या | २५ | ६० | ९० | | |
| | स्वास्थ्यशिविर | पटक | ० | ३ | ५ | | |
| | मासिक रुपमाफलोअपमाआएकाविरामी | प्रतिशत | २० | २५ | ५० | | |
| | स्वास्थ्य संस्थामाउपलब्धन्यूनतम सेवा सुविधा | प्रकार | ३ | २० | २५ | | |
| | स्वास्थ्य संस्थामाउपलब्धऔषधी | प्रकार | ३५ | ३५ | ७५ | | |
| | निजीतथा समुदायमाआधारित स्वास्थ्यकर्मी | प्रतिशत | ७० | ५० | १० | | |
| | आयोडिनयुक्त नूनप्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७८ | १०० | १०० | | |
| **प्रतिफल २.३:** स्वच्छ खानेपानीमा पहुँच तथा सरसफाईको क्षेत्रमा गुणात्मक वृद्धि भएको हुनेछ । | निजीधारा उपलब्ध घर परिवार(ट्यूवेल) | संख्या | ४३६० | | ;ढ} | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | पाइपलाइन बाट वितरित पानीप्रयोग गर्ने घरधुरी | संख्या | ३२ | १००० | २००० | | |
| | उपचार गरिएको वा सुरक्षितखानेपानी सुविधाप्राप्त घरधुरी | संख्या | ४३६० | | ;ढ} | | |
| | स्वच्छ (प्यानभएको) शौचालयभएका घरधुरी | संख्या | ३९३ | ३००० | ;ढ} | | |
| | सार्वजनिकशौचालय | संख्या | १ | ५ | १० | | |
| | जोखिमयुक्तअवस्थामा साबुनपानीले हातधुने | प्रतिशत | ५० | ७५ | ९५ | | |
| | फोहोर विर्सर्जन स्थल निर्माण | संख्या | ० | ३ | ५ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | | १० | २० | | |
| | सक्रियखानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ० | ५ | १५ | | |
| **प्रतिफल २.४:** लक्षित तथा विपन्न वर्ग | सीपमुलक तालिमप्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २० | ३० | ५० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल) | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७८/७९ | ०८०/८१ | | |
| सशक्तिकरण भई नेतृत्व तहको सहभागिता वृद्धि भएको हुनेछ। | व्यवसायिक सीपमूलकतालिमप्राप्तमहिला | संख्या | २०२ | ५०० | १००० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ। |
| | उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | १०५ | ७५ | ५० | | |
| | घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमामहिला सहभागीहुने परिवार | संख्या | ७१५ | ८०० | ८५० | | |
| **प्रतिफल २.५:** तथा सिर्जनशिल र स्वरोजगार युवा शक्तिको विकास भई उत्पादनमूलक कार्यमा युवा सहभागिता बृद्धि भएको हुनेछ। | वैदेशिक रोजगारीमागएकायुवा | संख्या | ३६०८ | ३५०० | ३००० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- युवा लक्षित कार्यक्रम तर्जुमा तथा निरन्तरता हुनेछ। |
| | युवाक्लव, संजालतथा संस्था | संख्या | ८ | १० | १५ | | |
| | कवर्ड हलतथा खेलकुद मैदान | संख्या | ० | ० | १ | | |
| | गाउँपालिकामा संचालित खेलकुदप्रतियोगिता | संख्या | ० | ३ | ५ | | |
| | युवा सीपतथा नेतृत्वविकास तालिम | जना | | ५ | १० | | |
| | प्रदेशतथा राष्ट्रियस्तर खेलाडी | संख्या | ० | १ | २ | | |
| | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ० | ० | ० | | |
| **प्रतिफल २.६:** स्थानीय संस्कृति तथा साहित्यको जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ। | कला, संस्कृति, भाषा र साहित्यमाजिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | २ | २ | ३ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ। |
| | संरक्षितकला, सँस्कृति र सम्पदाकाप्रकार | संख्या | २ | २ | ४ | | |
| | कला, भाषार साहित्यलाई पेशाको रुपमाअवलम्बन गर्ने व्यक्ति | संख्या | | १ | २ | | |
| **असर ३:** ग्रामिण उत्पादनलाई बजार र सेवासंग अन्तरसम्बन्ध विकास गर्ने पूर्वाधारको विस्तार तथा गुण्स्तरमा बिकास गरी पहुँचमा बृद्धि गर्ने। | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ३० | १०० | २०० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ। |
| | प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | ५ | १० | | |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | संख्या | १०० | ५०० | १००० | | |
| | स्थानीय सडकमा गाडी संचालन रुट | संख्या | ३ | ५ | १० | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरपरिवार (मिटर लिएका) | संख्या | ७५ | ८५ | ९९ | | |
| **प्रतिफल ३.१ :** सडक र सहायक पूर्वाधारको विकास र विस्तार एवं आवत जावत सुचारु र | कालोपत्रे सडक | किमि | ० | १० | २५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- स्थानीय सरोकारवालाको |
| | ढलान सडक | किमि | ०.२ | १० | २५ | | |
| | ग्राभेल सडक | किमी | ३८ | १५० | २५० | | |
| | धुले सडक | किमी | ६९ | ३० | ० | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७५/७६ सम्मको अवस्था) | ०७८/७९ | ०८०/८१ | | |
| सहज भएको हुनेछ (सडक तथा यातायात) | पक्की पुल (६ मि भन्दा माथि) | किमी | ० | २ | ५ | प्रतिवेदन | प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | गाउँ क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | २ | ५ | १० | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | संख्या | १० | ३० | ५० | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | ० | १० | ५० | | |
| | यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | किमी | ० | २ | ३ | | |
| **प्रतिफल ३.२:** एकीकृत वस्ती, सुरक्षित आवास र व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिवृद्धी भएको हुनेछ (आवास, भवन तथा वस्ती विकास) | प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र | स्थान | ० | १ | २ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | भूकम्प प्रतिरोधी भवन निर्माणसंबन्धी दक्ष व्यक्ति (तालिम प्राप्त) | संख्या | ० | ५० | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ७ | १० | १२ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | ० | १०० | २०० | | |
| | व्यवस्थित ढलको लम्बाई | कि.मि. | ०.६ | ५ | २० | | |
| | आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | ० | ३ | ६ | | |
| **प्रतिफल ३.३ :** विद्युत तथा वैकल्पिक ऊर्जाको विस्तार तथा प्रवर्धन भएको हुनेछ (विद्युत तथा वैकल्पिक उर्जा) | विद्युत ट्रान्समिसन तथा वितरण लाइन विस्तार | कि.मि. | ० | ० | ० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | १० | १०० | ५०० | | |
| | सुधारिएको उर्जा प्रयोग गर्ने परिवार | संख्या | ० | ५० | १०० | | |
| | जडान सौर्य होम प्रणाली (सार्वजनिक) | संख्या | १० | २० | ३० | | |
| | जडान सौंय होम प्रणाली निजि | संख्या | १० | १०० | ३०० | | |
| | घरयासी बायोग्याँस प्लान्ट उपयोग गर्ने घरपरिवार | संख्या | ० | ५ | १० | | |
| | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २००० | २५०० | ४००० | | |
| **प्रतिफल ३.४:**सूचना र संचार प्रविधिको विस्तार तथा उपयोगमा वृद्धि भएको हुनेछ (सूचना संचार तथा प्रविधि) | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | संख्या | ९९ | १५० | ३०० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | संख्या | ५४ | १००० | ४००० | | |
| | मोबाइल प्रयोगकर्ता | संख्या | ३७३७ | ४००० | ४५०० | | |
| | पत्रपत्रीकाप्रयोग परिवार | संख्या | १०० | २०० | ५०० | | |
| | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | सख्या | ० | १० | १०० | | |
| **असर ४ :** बन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण र दिगो उपयोगमा बृद्धि हुनेछ । | रुख विरुवाले ढाकेको वा हरियाली वन क्षेत्र | बिगहा | १२ | १७ | २२ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | संरक्षित चरन क्षेत्र | बिगहा | २ | २ | २ | | |
| | ऐलानीजग्गा जमिन | बिगहा | ५ | ५ | ५ | | |
| | मैनावती छेउ खैरवोनी जंगल | बिगहा | २.५ | २.५ | २.५ | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७८/७९ | ०८०/८१ | | |
| | | | | | | | - वन, वातावरण नीतिको पालना हुनेछ । |
| **प्रतिफल ४.१** वन तथा जडिबुटीको वैज्ञानिक व्यवस्थापन तथा काष्ठ र गैरकाष्ठ वन पैदावरको उत्पादन बृद्धि भएको हुनेछ । | निजी बगैचाक्षेत्र | बिगहा | ४ | ९ | १४ | | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- वन, वातावरण नीतिको पालना हुनेछ । |
| | सार्वजनिक जग्गाको नक्साँकन गरी अभिलेख तयारी | पटक | ० | १ | १ | | |
| | सार्वजनिक जग्गा उपयोग समवन्धि निति जनचेतना | पटक | ० | १ | १ | | |
| | चरण क्षेत्र सँरक्षण तथा व्यवस्थापन | बिगहा | ० | १ | १ | | |
| | खैरवोनी जंगल | बिगहा | ० | २.५ | २.५ | | |
| | नर्सरी स्थापना तथा व्यवस्थापन | वटा | ० | १ | १ | - | - |
| **प्रतिफल ४.२ :** जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण र वैज्ञानिक व्यवस्थापनमा अभिवृद्धी भएको हुनेछ । | संरक्षित पानी मुहान क्षेत्र | बिगहा | २.५ | २.५ | २.५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र साझेदारीमा बृद्धि हुनेछ । |
| | संरक्षित खेतबारीको क्षेत्रफल | बिगहा | ० | १५ | २० | | |
| | खोला नियन्त्रण लम्बाई | किमी | ० | १ | २ | | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | बिगहा | ० | १ | १ | | |
| | सार्वजनिक पोखरी व्यवस्थापन | वटा | ० | ३ | ५ | | |
| | निजि पोखरि व्यवस्थापन | वटा | ० | ४० | ९० | | |
| **प्रतिफल ४.३ :** गाउँ क्षेत्रको पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ । | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | १ | २ | ० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | १५ | ३५ | ५० | | |
| | सौर्य उर्जा | स्थान | ५ | १० | २० | | |
| | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | पटक | ० | २ | | | |
| **प्रतिफल ४.४:** विपद जोखिम न्युनिकरण संयन्त्र निर्माण तथा क्षतिमा कमी भएको हुनेछ। | सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र लगायत तालिम | पटक | ० | २ | ५ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र |
| | विपद् व्यवस्थापन स्थानीय योजना तर्जुमा | पटक | ० | १ | | | |
| | व्यवस्थित सूचना केन्द्र स्थापना र संचालन | पटक | ० | ५ | १० | | |
| | विपद् सम्बन्धी जानकार समाज | संख्या | १७ | ३७ | ४३ | | |

| नतिजा श्रृडखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७८/७९ | ०८०/८१ | | |
| | नदि कटानबाट प्रभाबित क्षेत्र | ठाउँ | १ | ० | ० | | कार्यक्रममा बृद्धि हुनेछ ।<br>- विपद जोखिम न्यूनीकरण हुनेछ । |
| | तलिम प्राप्त स्वयंमसेवक | जना | २५ | ५० | ७५ | | |
| | विपद व्यवस्थापन स्थानीय कोष(हजारमा) बार्षिक | रु. | १४०० | १६०० | १६०० | | |
| | विपद व्यवस्थापनमा क्रियाशिल संघ/संस्थाहरु | संख्या | २ | ४ | ६ | | |
| | सुरक्षित व्यवस्थित आश्रय स्थल निर्माण | वटा | १६ | २६ | ३६ | | |
| | भवन आचार संहिता कार्यान्वयन | पटक | ० | १ | | | |
| **असर ५:** गापाको कार्यसम्पादनको स्तर र नागरिक सन्तुष्टी वृद्धि गर्ने । | प्रतिव्यक्तिबार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | १३३७९ | १५९०० | १८१८१ | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | लक्षितवर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रम बाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | घरधुरी | १२५० | २००० | २५०० | | |
| | गाउँपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | प्रतिशत | ६१ | १०० | १०० | | |
| | गउँपालिकामा क्रियाशिल गैसस, विकास साझेदार | संख्या | ० | ३ | ५ | | |
| **प्रतिफल ५.१:** स्थानीय कानून तर्जुमा, विधिको शासन र जिम्मेवारी तथा जवाफदेहिता अभिबृद्धि भएको हुनेछ । | गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | | | | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | • ऐन | संख्या | ७ | १५ | १५ | | |
| | • नियम तथा विनियम | संख्या | ४ | १० | १० | | |
| | • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १८ | १५ | २५ | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदी) | संख्या | ६ | | | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी) | प्रकार | ३ | ५ | ७ | | |
| | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम,सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल, हेलो सरकार आदी) | प्रकार | ६ | ७ | ९ | | |
| | गाउँपाालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख | प्रतिशत | ७० | ९० | १०० | | |
| | गाउँपाालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | ७५ | ८५ | १०० | | |
| **प्रतिफल ५.२:** | गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | २७ | ३६ | ५० | - गाउँ वस्तुगत विवरण | - संघीय प्रणाली अनुसार संघ, |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७८/७९ | ०८०/८१ | | |
| जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ | गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | ४ | २ | | (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना, महिला तथा बालबालिका, वन) | संख्या | ५ | ७ | ९ | | |
| | गाउँपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | ५ | ३० | ५७ | | |
| | संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम (गापा आफै) | पटक | १६ | ५० | ८५ | | |
| | जवाफदेहिता क्षमता विकास र अभिबृद्धि कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | ज्ना | ६०० | १००० | २५०० | | |
| **प्रतिफल ५.३:** आयवृद्धि र श्रोत परिचालन व्यवस्थित भएको हुनेछ । | गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | ७००० | १०००० | १५००० | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन | - संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । |
| | संघीय सरकारबाट राजस्व बाँडबाँडबाट प्राप्त रकम | रु. हजारमा | ५०००० | ६५०००० | ७०००० | | |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | १८९९ | १०००० | १५००० | | |
| | वित्तिय समानिकरण अनुदान (संघ) | रु. हजारमा | ८०२०० | १००००० | १५०००० | | |
| | वित्तिय समानीकरण (प्रदेश) | रु. हजारमा | २४७० | ५००० | १५००० | | |
| | शसर्त अनुदान (संघ) | रु. हजारमा | ६८००० | ८५००० | १००००० | | |
| | गाउँपालिकाको कूल बार्षिक बजेट (हजारमा) | रु.हजारमा | २९४३४० | ३५०००० | ४००००० | | |
| | गाउँपालिकाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | ९० | ९५ | १०० | | |
| | औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | २०००० | ५००० | ५०० | | |
| | गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | रु.हजारमा | ० | १०००० | १५००० | | |
| | समुदायको लगानी तथा योगदान रकम (हजारमा) | रु. हजारमा | ० | ५००० | १०००० | | |
| | निजी क्षेत्रको लगानी (हजारमा) | रु हजारम | १५००० | २०००० | ३०००० | | |
| **प्रतिफल ५.४:** योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सहभागितामूलक, नतिजामुखी र प्रभावकारी भएको हुनेछ । | खण्डीकृत विषयगत तथा श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | भएको | गर्ने | गर्ने | - गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | स्थानीय गौरवका आयोजना | संख्या | १ | ३ | ५ | | |
| | तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | क्षेत्र | ० | कृषि र माछा | खेल एस्टेडीयम र पर्यटन विकास | | |
| | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभए को | भएको | निरन्तरता दिने | निरन्तरता दिने | | |
| | नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभए को | नभएको | गर्ने | गर्ने | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन | प्रतिशत | ९० | ६० | ५० | | |

| नतिजा श्रृङखला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | (आ.व. ०७५/७६ सम्मको अवस्था) | ०७८/७९ | ०८०/८१ | | |
| | भएका आयोजनाको अनुपात | | | | | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ८० | ९० | १०० | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या ( पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | २ | ५ | १० | | |
| | गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ५ | १० | १५ | | |
| | टोल वस्तीमा सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व ( महिला, दलित, जनजाति र बालबालिका) | प्रतिशत | ७० | ८० | ९५ | | |
| | लक्षितवर्ग लक्षित बजेट | प्रतिशत | ३.११ | १५ | ३५ | | |
| | महिला लक्षित बजेट | प्रतिशत | ० | ८ | १० | | |
| | बालबालिका लक्षित बजेट | प्रतिशत | ० | ८ | १० | | |
| | अन्य | प्रतिशत | ० | १० | १५ | | |
| **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | | |
| दस्तावेजको परिच्छेद ४ मा प्रस्तुत छ। | | बजेट (रु. हजारमा) | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | | | | | | | |

## ३.६ नीति तथा कार्यनीतिहरू

आवधिक योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहाअनुसारका नीति तथा कार्यनीतिहरू अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वियन गरिनेछ ।

**आर्थिक विकासः**
**असर १ः सँग सम्बन्धित नीति तथा कार्यनीतिहरु**
**प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)**

१. जग्गा उपयोग सम्बन्धी स्पष्ट नीति नियम बनाई लागू गरिने छ ।
२. उत्पादन पकेट क्षेत्र पहिचान गरी कृषि सडकको निर्माण कार्यलाई प्राथमिकताका साथ संचालन गरिने छ ।
३. पकेटक्षेत्र विकास कार्यक्रमका लागि कम्तिमा पनि १० विघा क्षेत्रफलमा व्यवसायिक तवरले खेती गर्न समूह, सहकारी एवं व्यवसायिक कृषि फर्मलाई प्रोत्साहन गरिने छ ।
४. कृषि उत्पादन वृद्धिका लागि उत्पादन सामग्री अनुदान, यान्त्रिकरण र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइने छ ।
५. सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा उन्नत प्रविधिको प्रसार, सिप हस्तान्तरण, क्षमता विकासद्वारा उत्पादन बृद्धि तथा व्यवसायिकतामा प्रवर्द्धन गरिने छ ।
६. व्यवसायिक माछापालनको लागि गुणस्तरीय माछाका भुराको नर्सरीको स्थापनालाई प्रोत्साहित गरिने छ ।
७. कृषक समूह, कृषि सहकारी तथा निकटका वजार समितिसंगको सम्बन्ध विकास गरिने छ ।
८. जैविक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गरिने छ ।
९. अर्गानिक तरकारी खेतीलाई प्रवर्द्धन गरिने छ ।
१०. खाद्यान्न उत्पादनलाई वृद्धि गरी निर्यात परिमाणलाई वृद्धि गर्दै लगिने छ ।
११. उद्यमशिलता विकास तथा स्वरोजगार प्रवर्द्धनद्वारा कृषिमा यूवाहरुको आकर्षण बढाउने निति लिइने छ ।
१२. कृषि उपजको दीगो वजारका लागि पूर्वाधारको विकास एवं अन्य वजारहरुसंगको सम्बन्ध विकास गरिने छ ।

**प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)**

१. नदीनालालाई व्यवस्थित गरी कुलो बनाई ठाउँ ठाउँमा सिंचाईको सुविधा विस्तारका लागि आवश्यक कार्य संचालन गरिने छ ।
२. खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सविधा विस्तार गर्दै जाने नीति लिइने छ ।
३. सम्भाब्यता हेरी बोरिङ सिंचाइ प्रणालीको विकासलाई जोड दिइने छ ।
४. कृषि सिचाईका लागी आबश्यक बिजुली, तार तथा पोलको व्यवस्था गरिने छ ।
५. सिंचाई योजनाहरुको निर्माणका लागि लागि सिंचाइ उपभोक्ता समूह गठन एवं परिचालनका साथै गाउँपाालिका स्तरमा सिंचाइ विकास कोषको स्थापना गरिने छ ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपंक्षी पालन)**

१. पशुपंक्षीको नश्ल सुधार, कृत्रिम गर्भाधान, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपंछी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य उपजहरुको वजारीकरणका पक्षलाई एकीकृत गरी सञ्चालन गरिने छ ।
२. समय समयमा बिषेशज्ञ सेवा स्थानीयस्तरमा उपलव्ध गराउनाका साथै पशुपन्छीका लागी औषधी उपचार केन्द्रको स्थापना गरी संचालन गरिने छ ।

३. स्थानीय सहकारी संस्थाहरुसंगको समन्वयमा दुग्ध चिस्यान केन्द्रको स्थापना गरिने छ ।
४. दूध, अण्डा, माछा, मासुको उत्पादकत्व वृद्धि गरी अन्य वजारमा निर्यात हुने परिमाण समेत वृद्धि गरिने छ ।
५. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।

**प्रतिफल १.४ सँग सम्बन्धित (पर्यटन)**

१. स्थानीय धार्मिक पर्यटकीयस्थलहरुको संरक्षण, सेवा तथा सुविधा विकास र विस्तारका लागि पर्यटकीय गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने
२. पर्यटन विकासका लागि सार्वजनिक जग्गाहरुमा पार्क, सिमसार क्षेत्रको निर्माण गर्ने तथा पिकनिक स्थलको निर्माण गरिने छ ।
३. अन्य आवश्यक पर्यटकीय पूर्वाधारहरुको विकास गर्दे लगिने छ ।
४. स्थानीय पर्यटक गन्तव्य, सेवा तथा सुविधाहरुको पर्याप्त प्रचार प्रसार गरिने छ र प्रवर्द्धनका लागि अन्य स्थानीय सरकारसँग सम्बन्धको विकास र विस्तार गरिने छ ।

**प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन)**

१. उद्योगको संभाव्यता अध्ययन गरी उपयुक्त उद्योगको स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ ।
२. व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
३. स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं संचालनलाई प्राथमिकता र प्रोत्साहन दिईने छ ।
४. स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिने छ ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

१. बैंकिंग लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ ।
२. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।
३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।
४. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्धन अभिबृद्धि गरिने छ ।
५. सहकारीहरुबाट प्रदान गरिने सेवामा सबैको सुलभ पहुँचका निमित्त सहजीकरण गरिने छ ।

**असर २: सामाजिक विकाससँग सम्बन्धित**

**प्रतिफल २.१ संग सम्वन्धित (शिक्षा)**

१. विद्यालयलाई आवश्यकताअनुसार स्तरोन्नतिगर्दै लैजाने ।
२. सवै विद्यालयहरुको आवश्कताअनुसार भवन, खेलमैदान, फर्निचर, शैक्षिक सामग्रीतथाउपकरण र ल्याव जस्ता भौतिकपुर्वाधारहरुको व्यवस्थामिलाउदै लैजाने ।
३. विद्यार्थी भर्नादर बढाउन विशेष कार्यक्रम सहित अभियान संचालन गर्ने ।
४. आवश्यकता अनुसार विषयगत शिक्षकको नियुक्तीलाई प्रथमिकतादिने ।
५. भईरहेका कक्षाकोठालाई मर्मत संभार गरी कक्षा कोठाहरुलाई व्यवस्थित गर्दै लैजाने ।

६. सवै विद्यालयमा सि.सि. क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमनलाई प्रभावकारी बनाउने ।
७. विद्यालयहरुमा क्रमसः प्रोजेक्टर विधिबाट पठनपाठन गराउने व्यवस्था मिलाउदै लैजाने ।
८. सवै विद्यालयहरुमा स्थानीय सहभागिता अनुसार कम्प्युटर शिक्षालाई व्यस्थित र प्रभावकारी बनाउदै लैजाने ।
९. एक पालिका एक प्राविधिक विद्यालय अभियान अनुसार प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गर्न पहल गर्ने ।
१०. विद्यार्थीहरुको बाह्य ज्ञान बृद्धि गर्न शैक्षिक भ्रमणको व्यवस्था गर्ने ।
११. गाउँपालिका भित्र उच्चशिक्षाको व्यवस्था नभएको अवस्थामा स्नाकोतर सम्मको अध्ययन अध्यापन हुने गरी कयाम्पसको स्थापना गर्ने ।
१२. छात्राहरुको लागि विद्यालयहरुमा स्यानीटेरी प्याडको व्यवस्था गर्ने ।
१३. विद्यालयक्षेत्र सुधार योजनालाई कार्यन्वयनमा जोड दिने ।
१४. वालवालिकाको लागि छुटै मन्टेश्वरी कक्षा स्थापना गरी संचालन गर्न पहल गर्ने ।
१५. अपाङ भएका विद्यार्थीहरुका लागि डेकेयर सेन्टर संचालन गर्न प्रोत्साहन गर्ने ।

**प्रतिफल २.२ सँग सम्वन्धित (आधारभूत स्वास्थ्य)**

१. गाउँको स्वास्थ्य सुविधालाई गुणस्तरीय बनाउन गाउँपालिका भित्र अस्पताल स्थापना गर्ने ।
२. वडास्तरमा सञ्चालनमा रहेका प्रसुती गृहहरुलाई २४ घण्टा संचालन गर्न व्यवस्था मिलाउने ।
३. सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा फर्निचर तथा उपकरणहरुको व्यवस्था मिलाउने ।
४. स्वास्थ्य चौकीहरुको भवन र २४ घण्टे विद्युतीय सेवालाई व्यवस्थित बनाउदै लैजाने ।
५. स्वस्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
६. गाउँबासीको स्वास्थ्यमा पहुँच बढाउन हरेक वडामा एक वटा एम्बुलेन्स सेवा संचालन गर्ने निति लिने ।
७. हरेक स्वास्थ्यचौकीमा ल्याव सेवा सञ्चालन गर्न कार्यक्रम ल्याइने छ ।

**प्रतिफल २.३ संग सम्वन्धित (खानेपानी तथा सरसफाई)**

१. हरेक वडामा खानेपानी टंकीको निर्माण गरी पाइप धारा मार्फत खाने पानी वितरणको व्यवस्था मिलाउने ।
२. खोला तथा सार्वजनिक पोखरीको पानी सुद्धिकरण गर्ने व्यवस्था मिलाउने ।
३. खानेपानी र सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न विकास साझेदारसँग सहकार्य गर्ने ।
४. सार्वजनिक ठाउँहरुमा डस्विनको व्यवस्था गर्दै वस्ती सफाई अभियान सञ्चालन गर्ने ।
५. बजार तथा सार्वजनिक ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने ।
६. गाउँ वस्तिहरुमा पानी सुद्धिकरण गर्ने प्रविधिको व्यवस्था मिलाउने ।

**प्रतिफल २.४ संग सम्वन्धित (लक्षित वर्ग तथा समावेशीकरण)**

१. महिला, आदिवासी, जनजाती, दलित, पिछाडा वर्ग, अपाङ्गहरुलाई सक्षम र आत्म निर्भर बनाउन नेतृत्व विकास र सिपमूलक तालिमको व्यवस्था गर्दै जाने ।
२. कुपोषित बालवालिकाको लागि पौष्टिक आहार लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. अपांगता भएकाहरुका लागि सहायक सामग्रीको उपलब्धता, निःशुल्क शिक्षा तथा स्वास्थ्य जस्ता सुविधाहरु क्तमसः व्यवस्था गर्दै जाने ।
४. अपाङ्गहरुका लागि क्षमता वृद्दि र नैतृत्व विकाश तालीम दिई विनाधितो ऋण उपलब्ध गराई आत्मनिर्भर बनाउन कार्यक्रमहरु संचालन गर्ने ।
५. बालविवाह विरुद्ध बेटी बचाउ बेटी पढाउ अभियान सञ्चालन गर्ने ।
६. युवा रोजगारी प्रवर्द्धन गर्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

**प्रतिफल २.५ संग सम्वन्धित (युवा तथा खेलकुद)**

१. स्थानीयस्तरमै रोजगारीका अवसर सृजना गर्न क्षमता विकास सहित युवा स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
२. व्यवसायिक खेलाडी उत्पादनका लागि खेलकुदलाई क्रमसः प्रवर्द्धन गर्दै लगिनेछ ।

**प्रतिफल २.६ संग सम्वन्धित (कला, सँस्कृति तथा भाषा)**

१. स्थानीय मैथिली भाषाको औपचारिक प्रयोगका लागि पहल गर्ने ।
२. पुरातात्विक महत्वका मन्दिर तथा मस्जिदको घेराबारा, संरक्षण तथा पुनः निर्माणका कामलाई प्राथमिकता दिने ।
३. मन्दिर, मस्जिद तथा सार्वजनिक ठाँउमा चर्पि र खानेपानीको व्यवस्थामा जोड दिने ।
४. धर्म तथा संस्कृतिलाई बचाई राख्नका लागि धर्म संस्कृति झल्कीने खालका सडक नाटकहरु ज्स्ता कार्यक्रमहरु ऋायोजना गर्न प्रोत्साहन गर्ने ।

**असर ३ः पूर्वाधार विकाससँग सम्वन्धित**

**प्रतिफल ३.१ः सडक, पुल तथा यातायातसँग सम्बन्धित**

१. हरेक वर्ष प्रत्येक वडामा १ किमि कालोपत्रे र १ किमि ढलान पक्की सडक निर्माण गर्दै लगिनेछ ।
२. सडक तथा पुर्वाधार निर्माण मापदण्ड निर्माण तथा कार्यान्वयन गरी सोही अनुसार सडक निर्माण तथा विस्तार गरिनेछ ।
३. कृषि उत्पादनको पकेट क्षेत्रमा क्रमशः कृषि सडक निर्माणको प्राथमिकतामा राखी सडक विस्तार गर्दै लगिनेछ ।
४. सवै वडामा पहुच हुने गरी गाउँ स्तरीय चक्रपथ निर्माण गरिनेछ ।
५. नयाँ सडक निर्माण गर्दा दुर्व साईडमा नालाको निर्माण अनिवार्य गरिनेछ ।
६. सडक, पुल तथा भवन निर्माण गर्नु पुर्व आयोजनाको विस्तृत परियोजना (डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ ।
७. गाउँ यातायात गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक निर्माण गरिनेछ ।
८. आम उपभोक्ता (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १० प्रतिशत लागत सहभागिता अनिवार्य गरिनेछ ।
९. उपभोक्ता समिति परिचालन कार्यविधि अनुसार उपभोक्ता समिति गठन र परिचालन गरी आयोजना कार्यान्वयन गर्ने
१०. अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, संचारकर्मि तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रुपमा स्थलगत रुपमा अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

११. आयोजना सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिबृद्धि गरिनेछ ।
१२. टोल विकास संस्थाहरु द्यर्ता गरिनेछ । साथै टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारु गरिनेछ ।
१३. स्थानीय समुदायको परामर्शमा गाउँपालिकाबाट भवनसंहिता र सडक अधिकार क्षेत्रको मापदण्ड तयार गरी सो सडक तथा भवन निर्माण गरिनेछ ।
१४. पुर्वाधार विकास सम्बन्धि आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागीता तथा प्रभावकारिता बृद्धिको सुनिश्चितता हुने अवस्थामा पुर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समुह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन, उपभोक्ता समिति मार्फत समेत कार्यान्वयन गर्ने व्यवस्थापन गरिनेछ ।
१५. स्थानीयस्तरमा उपलब्धिमुलक रोजगारीको सिर्जना नहुने तथा जटिल प्रकृति (मेसिनरी उपकरणको प्रयोग) का पुर्वाधार आयोजनाहरु ठेक्काको माध्यमबाट कार्यान्वयन गरिनेछ । साथै योजनाको प्रकृति हेरी उपभोक्ता समितिवाट हुन सक्ने योजनाहरु एपभोक्ता समितिवाटै कार्यान्वयन गरिनेछ ।

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास, वस्ती, बजार तथा भवन)**

१. सडक अधिकार क्षेत्र, भवनको मापदण्ड तयार गरी गाउँवासीलाई जानकारी दिई सो को परिपालना अभिबृद्धि गरिनेछ ।
२. प्रवर्धित तथा सुरक्षित आवास क्षेत्र विकास तथा जनता आवास कार्यक्रमको लागि शहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय गरिनेछ ।
३. नक्सा पास, भुकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गरिनेछ ।
४. ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापन बारे कानुनी तथा नितिगत व्यवस्थाको लागि नेपाल सरकारसँग पैरवी गरिनेछ ।
५. टोल बस्तीको मुल सडक चौडाई कम्तीमा ८ मिटर र भित्रि सडक कम्तिमा ६ मिटर कायम गरी सडक निर्माण सम्वन्धी न्युनतम मापदण्ड निर्धारण गरि निर्माण कार्य गरिनेछ ।
६. गाउँपालिकास्तर सडक गुरुयोजना बनाई सो कार्यान्वयन गरिनेछ ।
७. एकिकृत सेवा प्रवाहसहितको गाउँ गाउँपालिका र वडा कार्यालयका भवनहरु निर्माण गरिनेछ ।
८. दलित तथा विपन्नहरुका लागि एकिकृत वस्ती विस्तारको थालनी गरी स्थानीय आवश्यकता अनुसार क्रमशः सवै वडामा विस्तार गरिनेछ ।

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्युत र वैकल्पिक उर्जा)**

१. विद्युत नपुगेका वडाहरुमा विद्युत लाईन विस्तार गरिनेछ र ट्रान्सफरमर नपुगेको वा भोल्टेज कम पुगेको स्थानमा ट्रान्सफरर्मर थप गर्न समन्वय तथा पहल गरिनेछ।
२. विद्युतलाई २ फेजवाट ४ फेजमा स्तरोन्नतीका लागि समन्वय तथा पहल गरिनेछ ।
३. स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरि विद्युत चोरी नियन्त्रण गरिनेछ ।
४. ट्रान्सफर्मरको संख्या थप गरिनेछ तथा डिप बोरिङका लागि आवश्यक क्षेत्रमा विद्युत लाईन क्षमता विस्तार गरिनेछ ।

५. सुधारिएको चुलोलाई प्रवर्धनका लागि जनचेतना कार्यक्रम तथा अनुदान कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवश्यकता अनुसार संघ, प्रदेश र अन्य निकायसंग समेत सहकार्य गरिनेछ ।
६. सौर्य उर्जा प्रर्वधनका लागि जनचेतना कार्यक्रम र अनुदान कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवशयकता अनुसार सम्वन्धित निकाय संग सहकार्य समेत गरिनेछ ।

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित)**

१. सूचना तथा जानकारी पारदर्शिताका लागि नियमित वेवसाईट अध्यावधिक गरिनेछ र अन्य सार्वजनिक माध्यम प्रयोग गरी पारदर्शिताका क्रियाकलाप संचालन गरिनेछ ।
२. टेलिकम टावरको संख्या बृद्धिका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
३. विद्युतिय हाजिरि, ग्रुप एसएमएस, सि.सि.टि.भि., इन्ट्रानेट, इन्टरनेट जस्ता सुचना प्रविधि प्रवर्धन गरी सेवा प्रवाह विद्युतिय प्रणालीमा आधारित चुस्त बनाईने छ ।
४. त्रैमासिक अर्नमा विकास बुलेटिन प्रकाशन गरिनेछ ।
५. गाँउपालिकामा एफ.एम रेडियो तथा स्थानीय समाचारपत्र संचालनका लागि समन्वय गरिने तथा प्रर्वधनका लागि अनुदानको व्यवस्था गरिनेछ ।
६. स्थानीय पत्रकार उत्पादन तथा प्रवर्धनका लागि क्षमता विकास कार्यक्रम तथा प्रोत्साहन कार्यक्रम सचालन गरिनेछ ।

**असर ४: वन, वातावरण तथा विपद व्यवस्थापनसँग सम्बन्धित**

**प्रतिफल ४.१: (वन तथा जैविक विविधता):**

१. वन क्षेत्रको विकासका निमित्त सार्बजनिक जग्गा उपयोग तथा कर सम्बन्धि निति निर्माण तथा कार्यन्वयन गरिने छ ।
२. सार्बजनिक जग्गा, बाटोको छेउमा बृक्षारोपण गर्ने तथा निजी नर्सरी निर्माणलाई प्रोत्साहन गरिने छ ।
३. गुगलअर्थ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा भूक्षय, पहिरो विश्लेषणजस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइने छ ।
४. सार्वजानिक जग्गा बाटो छेउ र ऐलानी जग्गा पहिचान गरी वृक्षारोपण कार्य गरिने छ ।
५. गापाका वडाहरुमा रहेका सार्वजानिक पर्ति तथा सरकारी जग्गाहरुमा बढदै गएको अतिक्रमणलाई निरुत्साहित गर्न सम्पूर्ण सार्वजानिक पर्ति एवं सार्वजानिक जग्गाको लागत संकलन गरि अध्यावधिक सहितको पुस्तिका प्रकाशन गरिने छ ।

**प्रतिफल ४.२ जलाधार तथा भुसंरक्षण, जल उपन्न प्रकोप नियन्त्रण**

१. भू-उपयोग नीति अनुसार जग्गा उपयोग (कृषि,आवास क्षेत्र, व्यापारिक, औधोगिक)गर्न प्रोत्साहित गरिने छ ।
२. सार्वजनिक स्थलमा रहेका गापाको क्षेत्रधिकार भित्र पर्ने ताल, पोखरी, दह, आदि जस्ता प्राकृतिकश्रोत सम्पदाको संरक्षण र पर्वद्धन गर्दै गा.पा र वडाकार्यालयको आर्थिक श्रोतको वृद्धि र विकास गरिने छ ।
३. सार्वजनिक पोखरी तथा जग्गामा व्यावसायिक माछापालन गरिने छ । यसका लागि निजि तथा सार्वजनिक साझेदारी अनुसार कार्यक्रम संचालन गरिने छ ।
४. जमिनको उपयोगिताको आधारमाभू–उपयोग निति निर्धारण गरिनेछ ।
५. नदी कटान क्षेत्र मापन गरी तटवन्द निर्माण गरिने छ

**प्रतिफल ४.३ वतावरण सँरक्षण तथा फोहरमैला व्यवस्थापन**

१. वातावरणीय चेतना, वातावरण मैत्री संरचना निर्माण, एक घर एक वगैचा र सावधानी अपनाउने कार्यक्रम सञ्चालन गरिने छ ।
२. डम्पिङसाइट तथा फोहार प्रशोधनको लागि सम्बन्धित संस्थाहरुसंग साझेदारी गर्ने एवं सरकारी तथा गैर सरकारी तथा विकास साझेदारको श्रोत परिचालन गर्ने ।
३. स्थानीय जलवायु अनुकुलन कार्ययोजना तर्जुमा गरी जलवायु परिवर्तन अनुकुलतामा समुदायलाई परिचालन गर्ने नीति लिईने छ ।
४. प्लाष्टिक जन्य सामाग्री लगायत वातावरण प्रदुषितगर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिने छ ।
५. गापा क्षेत्र भित्र सौर्य उर्जा जडान गरिने छ ।
६. गापाका क्षेत्रलाई फोहरमैला तथा प्लाष्टिक मुक्त क्षेत्र बनाउन अभियान संचालन गरिने छ ।

### **प्रतिफल ४.४** विपद व्यवस्थापन तथा जलवायु परिवर्तन

१. तटबन्ध निर्माण गरिएको क्षेत्रमा बृक्षारोपण कार्यक्रम गरिने छ ।
२. विपद व्यवस्थापनका लागि विपदपूर्व तथा विपदपश्चात गर्नु पर्ने सचेतना तथा प्रतिकार्य योजना तयार गरी समुदायको सक्षमता विकास गरी क्षति न्युनीकरण गर्ने ।
३. विपद तथा उच्च जोखिम परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
४. प्राकृतिक प्रकोपबाट हुने जोखिम, न्यूनिकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम पूर्ण स्थापना गरिने छ ।
५. समुदायमा आधारित विपत जोखिम न्यूनिकरण तथा विपत व्यवस्थापनको योजना तर्जुमा गर्ने छ ।
६. विपदबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित बास स्थानको व्यवस्था गरिने छ ।
७. भवन आचारसँहिता, निति नियम बनाई कार्यन्वयन गरिने छ ।
८. नदि उत्खन्नमा रोक लगाईने छ ।
९. विपद तथा उच्च जोखिम परेका घर परिवारलाई तत्काल राहत उद्धार र पूर्नस्थापना सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

### **असर ५: सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित**

### **प्रतिफल ५.१: सुसाशन तथा जवाफदेहितासँग सम्बन्धित**

१. गाउँपालिकामा कम्तिमा तीनपटक र वडाहरुमा बढिमा चार पटक सार्बजनिक सुनुवाई गरिनेछ ।
२. गा.पा. तथा वडाकार्यालहरुमा डिजिटल नागरिक बडापत्रको ब्यबस्था गर्नूका साथै वडाका प्रत्येक टोलहरुमा नागरिक बडापत्र सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
३. सेवाग्राहीको सन्तुष्टि मापन र सुझाब तथा उजुरी पेटिका को ब्यबस्था गरिनेछ ।
४. तेस्रो पक्ष अनुगमन  तथा मुल्याङकन गरिनेछ ।
५. जनप्रतिनिधि तथा कर्मचारी सबैलाई आवश्यकता अनुरुप बिधुतिय हाजिरीको ब्यबस्था गरिनेछ ।
६. नागरिक सहायत कक्ष को निमार्ण गरिनेछ ।
७. सूचना अधिकारीको क्षमता अभिबृद्धि मार्फत सर्बसाधारणमा सूचनाको पहूँच बृद्धि गरिनेछ ।

### **प्रतिफल ५.२: संस्थागत तथा मानव संसाधनसँग संबन्धित**

१. बालमैत्री, अपागंमैत्री, जेष्ठ नागरिकमैत्री तथा सम्पूर्ण सेवाग्राहीमैत्री भौतिक संरचना निमार्ण तथा ब्यस्थापन गरिनेछ ।

२. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयहरुमा प्रतिक्षा कक्षको व्यबस्था गरिनेछ ।
३. सबै वडाहरुमा बैठक कक्ष तथा गा.पा.मा सभाहलको निमार्ण गरिनेछ ।
४. दरबन्दी अनुसार आवश्यक दक्ष कर्मचारी पदपूर्तीको लागि अन्तरतह समन्वय तथा पहल गरिनेछ ।
५. न्यायिक समितिलाई सक्षम बनाई न्याय प्रणालीलाई सिघ्र र निष्पक्ष बनाइने छ ।
